Transport for NSW

# सडक सुरक्षा



## सवारी चलाएर विद्यालय पुर्याउँदा र ल्याउँदा आफ्नो बच्चालाई सुरक्षित  राख्ने बारे

स्कूल दिनको सुरुवात र अन्त्यमा तपाईंको बच्चाका साथै अरूलाई पनि  सुरक्षित राख्न मद्दत गर्न यहाँ केही सुझावहरू दिइएको छ:

- सुनिश्चित गर्नुहोस् कि तपाईंको बच्चालाई उनीहरूको उमेर र आकारको लागि उपयुक्त बच्चाको कार सिटमा राखिएको छ। बच्चाको सिट पनि गाडीमा सही तरिकाले बाँधिएको हुनुपर्छ।
- स्कूल क्षेत्रहरूमा 40km/h गति सीमा भित्र रहनुहोस् र बाटोको छेउछाउ हुनसक्ने बच्चाहरूका बारेमा सजग रहनुहोस्।
- बसहरूमा बत्तीहरू झिलिकमिलिक गरिरहेका छन् कि भनेर ध्यान दिनुहोस्। उनीहरूले तपाईंलाई उक्त बसले सडक पार गर्दैगरेका वा गर्न लागेका बच्चाहरू चढाउँदै वा झार्दैछ भन्ने जानकारी दिन्छन्। बसले बत्तीहरू झिलिकमिलिक पार्दा तपाईंले आफ्नो गाडीको गति घटाएर 40km/h मा चलाउन पर्छ यदि सो भन्दा पनि कम गति सीमा लागू गरिएको छैन भने।
- सँधै पैदल यात्रीहरूलाई बाटो दिनुहोस् विशेष गरी यदि तपाईं ड्राइभवेबाट निस्किदै वा ड्राइभवेमा पस्दै हुनुहुन्छ भने।
- गति कम गर्नुहोस् र स्कूल वरिपरि कुनै पनि बाटो काट्ने स्थान नजिकै रोक्नको लागि तयार हुनुहोस्। सुपरिवेक्षण गरिएको क्रसिंगमा, स्कूल क्रसिंग सुपरिवेक्षकको निर्देशनहरू पालना गर्नुहोस्।
- विद्यालय वरिपरि सधैं कानुन बमोजिम गाडी मोड्ने र बिसाउने गर्नुहोस्। विधालय पुर्याउने र घर लैजाने व्यस्त समयमा यू - टर्न र थ्री - पोइन्ट टर्न जस्ता कार्य खतरनाक हुन्छन्।
- तपाईंको बच्चालाई विधालय भएकै किनार तर्फ झार्नुहोस् र त्यहि छेउबाट चढाउनुहोस्। सडकको अर्को किनार तर्फबाट उनीहरूलाई बोलाउनु खतरनाक हुन्छ – उनीहरू गाडीहरू आए-नआएको जाँच नगरी तपाईंतर्फ दौडन सक्छन्।
- आफ्नो बच्चालाई सधैं 'सुरक्षित ढोका' मार्फत गाडी भित्र र बाहिर जान मद्दत गर्नुहोस्। 'सुरक्षित ढोका' गाडीको पछाडिको सडक किनार तर्फको ढोका हो। यो आवतजावत गरिरहेका गाडीहरूबाट टाढा हुन्छ र तपाईंको बच्चाको लागि सबैभन्दा सुरक्षित हुन्छ।

सडकको वातावरणमा बच्चाहरूलाई सुरक्षित राख्ने बारेमा थप जानकारीको लागि **safetytown.com.au** मा families (परिवार) सेक्सनमा जानुहोस्।

स्टक कोड 45095270 जुन 2024 © NSW को लागि यातायात